गुल्मी अस्पताल, तम्घास

# रासन सप्लाई सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना नं. ५-०८२/८३

(प्रथम पटक प्रकाशित मितिः २०८२/०९/१५)

यस गुल्मी अस्पताल, तम्घासमा भर्ना भएका विरामीहरुका लागि आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार रासन सप्लाई गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक बिक्रेता, फर्म वा संस्थाहरुबाट तपशिल बमोजिमको शर्तको अधीनमा रही देहायमा उल्लेखित प्रमाणपत्र तथा कागजातहरू सहित शिलबन्दी दरभाउपत्र यस कार्यालयमा रीतपूर्वक पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरुः**

१. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी संस्था वा व्यक्तिहरुले प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय समय भित्र चालु आ.व.को लागि नविकरण भएको कामको प्रकृती मिल्ने व्यवसायिक फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र एवं आ.व. ०८१/०८२ को कर चुक्ताको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन पेश गरी रु १००० (एक हजार) राजश्व दस्तुर वैक दाखिला गरेको भौचर पेश गरी (राजश्व खाता नं. १०००१००२०००१०००० कार्यालय कोड ३७००१५२०२५, राजश्व शिर्षक नं.१४२२९) यस गुल्मी अस्पताल तम्घासबाट दरभाउपत्र खरिद गर्न सकिने छ। खरिद गरीएको शिलबन्दि दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औ दिन को दिउसो १२:०० बजे भित्र यस अस्पतालको नाममा सम्बोधन गरी शिलबन्दी दरभाउपत्र फाराम पेश गर्नेको नाम,ठेगाना र फोन नं. उल्लेख गरी सहि छाप गरी सिलबन्दीमा लाहाछाप लगाई खामको बाहिर कामको विवरण, शिलबन्दी दरभाउपत्र नं. समेत उल्लेख गरी यस अस्पतालामा तोकिएको समय भित्रै दर्ता गराइ सक्नुपर्ने छ। सो शिलबन्दी दरभाउ पत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २:०० बजे कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता वा निजहरुले अख्तियारीनामा दिई पठाएकका प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

२. दरभाउ पत्र पेशकर्ताले खरिद कारवाहीमा भागलिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

३. सिलवन्दी दरभाउपत्रसाथ तोकिए बमोजिमको धरौटी रकम कोलेनिका गुल्मी, राष्ट्रिय वाणिज्य बैङ्क, गुल्मी शाखामा रहेको धरौटी खाता नं. ३०१०१००२०२०३०००० ख २.३ (कार्यालय कोड ३७००१५२०२५) मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बाणिज्य बैङ्कबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक ग्यारेण्टी (विडवण्ड) पेश गर्नुपर्नेछ।

४. दरभाउपत्रमा मू.अ.कर बाहेकको दररेट अंक र अक्षर दुबैमा लेख्नुपर्ने छ। अंक र अक्षरमा भिन्नता पाइएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। बोलपत्रमा केरमेट भएको ठाउँमा सही छाप नगरेको, म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको भएमा मान्यता दिईने छैन।

५. दरभाउपत्रसम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा बुझ्न सकिनेछ।

६. कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। साथै दरभाउपत्रमा उल्लेख भएका सामाग्रीहरुको परिमाण थपघट हुन सक्नेछ। यसरी थपघट भएता पनि दरभाउपत्रदाताले कबोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ। स्वीकृत बजेटको स्थिति अनुसार खरीद गरिनेछ। साथै स्वीकृत भएको दररेट २०८३ साल पौष मसान्त सम्मको लागि मान्य हुनेछ।

७. रीत नपुगेको दरभाउपत्रउपर कुनै कारवाही गरिने छैन। साथै दरभाउपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समयावधि भित्र रासन सामानहरु बुझाउनु पर्नेछ र केही अंश अथवा सम्पूर्ण सामान नै बुझाउन नसकेमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम कारवाही हुनेछ र सम्पूर्ण करहरु शिलवन्दी दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

८. दरभाउपत्र स्वीकृत पश्चात रासनका सामान दरभाउपत्र पूस्तिकामा उल्लेख भए वमोजिम गुणस्तरीय हुनुपर्नेछ।

९. यस सुचनामा उल्लेख गर्न छुटेको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ।

१०. दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको दिन हुनेछ।

| सि.नं. | दरभाउपत्र नं. | कामको विवरण | लागत अनुमान (भ्याट बाहेक) | जमानत रकम |
|---|---|---|---|---|
| १ | ०५-०८२/०८३ | रासन आपूर्ति कार्य | १७,४७,७५६ | ४९,०००।०० |

कार्यालय प्रमुख